# ताप्ली गाउँपालिकाको कृषि तथा पशुपन्छी फर्म दर्ता कार्यविधि ,२०७९

## प्रस्तावना;

ताप्ली गाउँपालिकाको क्षेत्र भित्र समग्र कृषि विकासमा संग्लग्न विभिन्न निकायहरु मार्फत कृषकहरुलाई समय साक्षेप कृषि प्रसार सेवाटेवा सरल,सहज,शुलभ,मितव्ययी एवम् ग्रहण योग्य तवरले उपलब्ध गराउन कृषि उत्पादन प्रणालीमा एउटा सुसंगठित व्यवस्था र पद्दतिको विकास गरि समुचित रुपबाट अगाडी बढाउनको लागि को व्यवसायिक रुपमा कृषि पशुपन्छी तथा मत्स्य पालन गरिरहेका कृषकहरुको तरकारी,दलहन,तेलहन,मौरी,गाई,भैसी,भेडा,कुखुरा,हाँस बंगुर ,मत्स्य, घाँस लगायतको कृषि तथा पशुपन्छि सम्बन्धि फारम दर्ता गर्न ताप्ली गाउँपालिकाको कृषि तथा पशुपन्छी ऐन,२०७८ को परिच्छेद आठ(८) को दफा ३० को व्यवस्था र स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरी ताप्ली गाउँपालिका,गाउँ कार्यपालिकाबाट यो जारि गरि लागु गरिएको छ |

## परिच्छेद -१

**१.संक्षिप्त नाम र प्रारम्भ ;**

क) यो कार्यविधि को नाम "ताप्ली गाउँपालिकाको कृषि तथा पशुपन्छी फार्म दर्ता कार्यविधि ,२०७९ "रहेको छ |

ख) यो गाउँ कार्यपालिकाबाट पारित भएपछी लागु हुनेछ |

२.**परिभाषा**; विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधि मा,

क) "गाउँपालिका" भन्नाले ताप्ली गाउँपालिकालाइ सम्झनु पर्दछ |

ख) "कृषक" भन्नाले कृषि उत्पादनमा प्रत्यक्ष सलंग्न भएको व्यक्तिलाई सम्झनु पर्दछु |

ग)"वडा " भन्नाले ताप्ली गाउँपालिकाको सम्बन्धित वा सबै वडालाइ सम्झनु पर्दछ |

घ) "सविंधान "भन्नाले नेपालको सविंधान २०७२ लाइ सम्झनु पर्दछ |

ङ) "फार्म" भन्नाले जात अनुसार तोकिएको संख्यामा पालिएको पशु पन्छिलाई दर्ता गराई संचालनमा रहेकोलाइ जनाउदछ |

३.**उद्देश्य** ;कृषकहरुलाई पशुपन्छी सम्बन्धि कार्यक्रममा सघाउ पुर्याउनका लागि यस कार्यविधि को तपशिल अनुसारका उद्देश्यहरु रहेको छन्:

क)प्रत्यक्ष रुपमा उत्पादनमा संलग्न कृषकहरुलाई समन्वय,व्यवस्थापन र नियमन गर्नको लागि सहयोग पुर्याउने|

ख)कृषि/पशु प्रसार व्यवस्थापन,संचालन र नियमन सम्बन्धि कार्यमा सहयोग पुर्याउने |

ग)विभिन्न कार्यक्रम संचालनका लागि आवश्यक मापदण्ड र प्रक्रियाको मार्गदर्शन गर्ने |

घ)व्यवसाय उन्मुख कार्यक्रम संचालन गर्न |

ङ)व्यवसायिक कृषकहरुलाई कृषि,पशुपन्छी तथा मत्स्य सम्बन्धि अनुदान लगायत कार्यक्रम संचालन गर्ने |

## परिच्छेद-२

## फार्म दर्ताका आधारहरु

# ४.व्यवसायिक पशुपन्छी फार्म;

### (१)व्यवसायिक गाई फर्म

कम्तिमा तिन वा सो भन्दा बढी दुधालु गाई पाल्ने व्यवसायीहरुको व्यावसायिक गाई फर्म दर्ता गरिने छ|यसरी गरेनी फर्मलाई तिन भागमा बाडिने छ|

| **फार्मको बर्गिकरण** | **दुधालु गाईको संख्या** | |
|---|---|---|
| साना | ३ देखि ५ सम्म | |
| मझौला | ६ देखि १० सम्म | |
| ठुला | ११ भन्दा माथि | |

### (२)व्यावसायिक भैसी फर्म

कम्तिमा तिन वा सो भन्दा बढी दुधालु भैसी  पाल्ने व्यवसायीहरुको व्यावसायिक गाई फर्म दर्ता गरिने छ|यसरी गरेनी फर्मलाई तिन भागमा बाडिने छ|

| **फार्मको बर्गिकरण** | **दुधालु भैसी  संख्या** | |
|---|---|---|
| साना | ३ देखि ५ सम्म | |
| मझौला | ६ देखि १० सम्म | |
| ठुला | ११ भन्दा माथि | |

### (३) व्यवसायिक बाख्रा फर्मः

दस वा सो भन्दा बढी प्रजनन  योग्य माउ बाख्रा पाल्ने व्यावसायिक बाख्रापालन फार्म दर्ता गरिनेछ |यसरी गरिने फर्मलाई तिन भागमा बाडिएको छ ।

| **फार्मको बर्गिकरण** | **प्रजनन योग्य बाख्राको माउको संख्या** | |
|---|---|---|
| साना | १० देखि २० सम्म | |
| मझौला | २१ देखि ५० सम्म | |
| ठुला | ५० भन्दा माथि | |

### (४)  व्यवसायिक भेडा फर्म;

दस वा सो भन्दा बढी प्रजनन  योग्य माउ बाख्रा पाल्ने व्यावसायिक बाख्रापालन फार्म दर्ता गरिनेछ |यसरी गरिने फर्मलाई तिन भागमा बाडिएको छ ।

| फार्मको बर्गिकरण | प्रजनन योग्य भेडा माउको संख्या | |
|---|---|---|
| साना | १० देखि २० सम्म | |
| मझौला | २१ देखि ५० सम्म | |
| ठुला | ५० भन्दा माथि | |

**(५)व्यवसायिक बंगुर फर्म;**

पाठापाठी उत्पादनको लागि तिन वा सो भन्दा बढी माउ बंगुर पाल्ने व्यवसायीले बंगुर फर्म दर्ता गरिनेछ |मासु उत्पादनको हकमा पांच वा सो भन्दा बढी बंगुर पाल्ने कृषक व्यवसायीहरुको व्यावासाहिक फर्म दर्ता गरिनेछ |यसरि गरिने फार्मलाइ दुइ(२) भागमा बाडिने छ |

**(क) व्यवसायिक बंगुर फार्म(पाठापाठीको)लागि**

| फार्मको बर्गिकरण | प्रजनन योग्य माउ बंगुरको संख्या | |
|---|---|---|
| साना | ३ देखि ५सम्म | |
| मझौला | ६ देखि १० सम्म | |
| ठुला | १०भन्दा माथि | |

**(ख)व्यवसायिक बंगुर फार्म (मासुको लागि )**

| फार्मको बर्गिकरण | प्रजनन योग्य माउ बंगुरको संख्या | |
|---|---|---|
| साना | ५ देखि १०सम्म | |
| मझौला | ११ देखि २० सम्म | |
| ठुला | २०भन्दा माथि | |

**(६)व्यवसायिक पन्छी फर्मः**

एकपटक १०० वा सो भन्दा बढी कुखुरा पाल्ने व्यवसायीहरुको कुखुरा फार्म दर्ता गरिनेछ |

| फार्मको बर्गिकरण | लोकल ,लेयर,ब्रोइलर,प्यारेन्टको फर्मको लागि पन्छी संख्या | |
|---|---|---|
| साना | १०० देखि २०० सम्म | |
| मझौला | २०१ देखि ५०० सम्म | |
| ठुला | ५०० भन्दा माथि | |

**(७)व्यावसायिक पाडा फार्म**

| **फार्मको बर्गिकरण** | **पाडाको संख्या** | |
|---|---|---|
| साना | ५ देखि १०सम्म | |
| मझौला | ११ देखि २० सम्म | |
| ठुला | २०भन्दा माथि | |

**(८)व्यवसायिक मत्स्य फर्म**

व्यवसायिक मत्स्य फर्म संघिय तथा प्रादेशिक कार्यविधि बमोजिम दर्ता गरिनेछ ।

## ५ व्यावसाहिक कृषि फर्म

**(१)प्लास्टिक टनेल खेति**

- ✓ प्लास्टिक टनेल कम्तिमा ५/१० मिटरको ३ वटा टनेल निर्माण गरि तरकारी उत्पादन गरेको हुनुपर्दछ ।

**(२) खुल्ला तरकारी खेति**

- ✓ यस तरिकाबाट तरकारी खेति गर्दा कम्तिमा ३ रोपनी भन्दा बढीमा व्यावसायिक रुपमा तरकारी बार्है महिना उत्पादन गरेको हुनुपर्दछ ।

**(३) फलफुल खेति**

- ✓ फलफुल खेतिहरु जस्तै ;आँप,लिच्ची,भुइँकटर,अमिलो जातको फलफुल,केरा आदिको हकमा व्यावासहिक्क रुपमा २ रोपनी भन्दा बढीमा फलफुल खेति गरिएको हुनपर्दछ ।

**(४)च्याउ खेति**

- ✓ च्याउ खेति व्यावसायिक रुपमा करिव ५ २ वटा च्याउ घर (५/१० मिटर )निर्माण गरि खेती गरेको हुनुपर्छ ।

**(५) मौरीपालन**

- ✓ मौरीपालनको हकमा आधुनिक घार १० वटा घार भन्दा बढीमा पालन गरेको हुनुपर्नेछ ।

## ६.एकीकृत कृषि तथा पशुपन्छी फर्म

✓ एकीकृत कृषि तथा पशुपन्छी फर्म दर्ताको लागि यस कार्यविधिको दफा ४ र दफा ५ बमोजिमको कम्तिमा १-१ वटा मापदण्ड पुरा गरेको हुनुपर्नेछ

# परिच्छेद-३

## ७.फर्मदर्ताको प्रकिया

- पशु फर्म दर्ताका लागि दफा ४ को कम्तिमा  एक मापदण्ड पुरा गरि अनुसूची -२ बमोजिम को कागजात सहित पशु सेवा शाखामा दर्ता गर्न सकिनेछ |
- कृषि फर्म दर्ताका लागि दफा ५ को कम्तिमा  एक मापदण्ड पुरा गरि अनुसूची -२ बमोजिम को कागजात सहित कृषि विकास  शाखामा दर्ता गर्न सकिनेछ |
- एकीकृत कृषि तथा पशुपन्छी फर्म दर्ताको लागि यस कार्यविधिको दफा ४ र दफा ५ बमोजिमको कम्तिमा १-१ वटा मापदण्ड पुरा गरि अनुसूची २ बमोजिमको कागजात सहित कृषि विकास शाखा वा पशु सेवा शाखामा दर्ता गर्न सकिनेछ |
-

**अनुसूची-२ बमोजिमको निवेदनको साथमा संलग्न हुनु पर्ने कागजातहरु**

- नागरिकताको प्रतिलिपि
- सम्बन्धित वडाको सिफारिस
- तोकिएको ढाचामा निवेदन
- जग्गाधनी पुर्जाको प्रतिलिपि
- जग्गा आफ्नु हकवालाको नाममा भएमा हकवालाको मन्जुरीनामा
- जग्गाको हालचालै तिरो तिरेको रशिद
- जग्गा भाडामा लिने भएमा कम्तिमा ५(पांच) बर्षे करार सम्झौता
- सर्जिमिन मुचुल्का
- अन्य निकायमा दर्ता भएको भए दर्ताको प्रतिलिपि
- साझेदारको हकमा विधान
- १० वर्ष सम्म व्यवसाय गर्ने प्रतिवद्द्ता सहित स्वघोषना पत्र
- हालसालै खिचिएको पासपोर्ट साइजको फोटो -२ प्

## परिच्छेद-४

### थपघट वा हेरफेर गर्न सक्ने

१.यो कार्यविधिको कार्यान्वयनलाइ थप व्यवस्थित र प्रभावकारी बनाउन ताप्ली गाउँपालिकाले आवश्कता अनुसार यस कार्यविधिमा थपघट,हेरफेर तथा खारेज गर्न सक्नेछ ।

२.यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पतष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि ताप्ली गाउँपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सकिनेछ ।

अनुसूची -१

फोटो

ताप्ली गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रुपाटार,उदयपुर

फर्म दर्ता प्रमाण-पत्र

१.दर्ता न ;- दर्ता मिति :

२.फर्मको नाम र ठेगाना :-

३.फर्म संचालकको नाम ना.प्र.न;

४.फर्मको किसिम :-

५.फर्मको उदेश्य :-

६.फर्म रहने ठेगाना :- गाउँपालिका; वडाः टोल ;

सम्पर्क न

७.जम्मा पुंजी रुः-........................क)स्थिर पुंजी रु................. ख) चालु पुंजी रु ............

८.बार्षिक उत्पादन क्षमता :

पशु सेवा शाखा प्रमुख प्रमुख प्रशासकीय अधिकृत

पुनश्च;

क)आर्थिक वर्षको असाढ मसान्त भित्र नविकरण गरिसक्नु पर्ने छ ।

ख)कुनै पनि प्रकारबाट व्यवसाय गर्न छोड्ने र बन्द गर्ने भएमा तुरुन्तै गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

## नवीकरण सम्बन्धि विवरण

| नवीकरण मिति | आ.व | रसिद न . | प्रमाणित गर्नेको दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची -२

## कृषि तथा  पशु पन्छी फार्मको दर्ताको लागि निवेदन

**श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु,**

**ताप्ली गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**रुपाटार,उदयपुर ।**

**बिषयः फार्म दर्ता सम्बन्धमा**

**श्री.....शाखा/संस्थाको सहयोगमा म/ हामी  आफै संगठित भै ताप्ली गाउँपालिका वडा न.......मा गठन भएको मेरो/हाम्रो.............................................फार्म दर्ता गरी पाउन निम्न विवरणहरु संलग्न गरि नेपाली नागरिकताको प्रतिलिपि सहित यो निवेदन पेश गर्दछु/गर्दछौ ।**

............................

कृषकको नाम;-

फार्मको नाम :-

मितिः-

**संलग्न कागजातहरु**

- नागरिकताको प्रतिलिपि
- सम्बन्धित वडाको सिफारिस
- तोकिएको ढाचामा निवेदन
- जग्गाधनी पुर्जाको प्रतिलिपि
- जग्गा आफ्नु हकवालाको नाममा भएमा हकवालाको मन्जुरीनामा
- जग्गाको हालचालै तिरो तिरेको रशिद
- जग्गा भाडामा लिने भएमा कम्तिमा ५(पांच) बर्षे करार सम्झौता
- सर्जिमिन मुचुल्का
- अन्य निकायमा दर्ता भएको भए दर्ताको प्रतिलिपि
- हालसालै खिचिएको पासपोर्ट साइजको फोटो -२ प्रति
- १० वर्ष सम्म व्यवसाय गर्ने प्रतिवद्द्ता सहित स्वघोषना पत्र

माथि उल्लेखित विवरण झुटो प्रमाणित भएमा यसको मा आफै स्वयं जिम्मेवार रहनेछु ।

अनुसूची-३

ताप्ली गाउँपालिका

बार्षिक फारम लागत विवरण

आ.व

| दर्ता न | फर्मको नाम | फर्मधनिको नाम | ठेगाना | दर्ता मिति | फर्मको किसिम | सम्पर्क मिति |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

आज्ञाले

भक्त बहादुर राइ

प्रमुख प्रशासकीय अधिकृत

# ताप्ली गाउँपालिकाको कृषि तथा पशुपन्छी फर्म दर्ता कार्यविधि ,२०७९

ताप्ली गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रुपाटार,उदयपुर